श्री

सर्वोच्च अदालत, संयुक्त ईजलाश

मानानीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७७-FN-०५७८, ०७७-FN-०५७९, ०७७-WO-११२५,

विषय: उत्प्रेषण, परमादेश ( अन्तरिम आदेश खारेज सम्बन्धमा)

नेपाल सरकार, अर्थ मन्त्रालय समेत.......................................निवेदक/विपक्षी

विरुद्द

अधिवक्ता सृजना अधिकारी समेत...................................................रिट निवेदक

यस अदालतबाट जारी भएको अन्तरिम आदेश खारेज गरिपाऊँ भनी पेश हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली तथा विपक्षी रिट निवेदकतर्फबाट उपस्थित विद्‌वान वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल तथा श्री सुशील पन्त तथा विद्वान अधिवक्ताहरु श्री मेघराज पोखरेल, श्री सरोजकृष्ण घिमिरे, श्री किर्तिनाथ पौडेल, श्री विकास भट्टराई, श्री महेश्र्वर श्रेष्ठ र श्री भावेश गौतम

तथा रिट निवेदकहरु अधिवक्ताद्वय श्री सृजना अधिकारी तथा श्री शैलेन्द्र उप्रेतीले गर्नुभएको बहस समेत सुनियो ।

यसमा, यस अदालत एक न्यायाधीशको ईजलाशबाट मिति २०७८।२।५ मा जारी भएको अन्तरिम आदेशमा "निषेधाज्ञा वा बन्दाबन्दी लागू भएको अवधिसम्म मूल्य अभिवृद्दि कर विवरण र कर दाखिला नगरेमा जरिवाना असुल नगर्नु नगराउनु, बन्दाबन्दी पूर्ण रुपमा खुलेपछि बाटोको म्याद बाहेक ३० दिनभित्र विवरण र कर बुझाउन सक्ने गरी आवश्यक ब्यवस्था मिलाउनु" भन्ने र आर्थिक ऐन, २०७७ को दफा १९ बमोजिमको निर्णय गरी सूचना प्रकाशन गर्नु भन्ने समेत बेहोरा उल्लेख भएको देखियो।

आर्थिक ऐन, २०७७ को दफा १९ मा कर, शुल्क तथा दस्तूर बुझाउने विषयमा विभिन्न ऐनमा भएको ब्यवस्था कार्यान्वयनका सन्दर्भमा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद लगायतका अन्य कुनै कारणबाट ऐनमा भएको ब्यवस्था कार्यान्वयन गर्न जटिलता उत्पन्न भएमा आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउ गर्न सकिने ब्यवस्था रहेको देखिन्छ। हाल नयाँ भेरियण्ट सहितको कोभिड-१९ को दाश्रो लहरको महामारीका कारण सरकारबाट नै निषेधाज्ञा जारी भएको र सो अवधि हालसम्म पनि कायम भैरहेको पाइँदा उक्त दफा १९ बमोजिमको निर्णय हुनुपर्ने अवस्था सृजना भएको तथ्यमा विवाद भएन । यस अदालतबाट समेत सो बमोजिमको निर्णय गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(३) बमोजिम आदेश समेत भैरहेको यस स्थितिमा विपक्षी नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७७ को दफा १९ बमोजिम निर्णय गरी कर विवरण बुझाउने अवधि थप गर्न र प्रकृया सरलिकरण गर्न सक्ने नै देखिएको हुंदा कर विवरण बुझाउने अवधि थप गर्ने र प्रकृया सरलिकरण गर्ने लगायतका विषयमा दफा १९ बमोजिम हुने उक्त निर्णय र प्रकाशित सूचना बमोजिम बमोजिम हुने नै

हुँदा यस अदालत, एक न्यायाधीशको ईजलाशबाट "कर विवरण र कर दाखिला नगरेमा जरिवाना असुल नगर्नु नगराउनु, बन्दाबन्दी पूर्ण रुपमा खुलेपछि बाटोको म्याद बाहेक ३० दिनभित्र विवरण र कर बुझाउन सक्ने गरी आवश्यक ब्यवस्था मिलाउनु" भनी भएको आदेश परिवर्तन गरी विपक्षी अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७७ को दफा १९ बमोजिम निर्णय गरी प्रकाशित गर्ने सूचनामा उल्लेख भएको अवधिसम्मको लागि मात्र कर विवरण र कर दाखिला नगरेमा जरिवाना असुल नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४९(२)(३) बमोजिम यो आदेश गरिएको छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिनु ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७८ साल असार १ गते रोज ३ शुभम् ।